2058
SAHAMATI

Good Neighbors International

# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# सहकारीको सफ्टवेयरकालागि सिलबन्दी दरभाउपत्र आह्वान

Terms of Reference (TOR)

प्रकाशित मिति : २०७८।१२।०२

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनल नेपालको प्राविधिक सहयोगमा सहमतिद्वारा नवलपरासी बर्दघाट सुस्ता पूर्व र पश्चिम का १३ वडाहरुमा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवन स्तरमा सुधार ल्याउनका निम्ति समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ ।
समावेशी ग्रामिण विकास परियोजनाको सहयोगमा प्रबर्धन तथा सुदृढिकरण गरिएका सहकारी संस्थाहरुको संस्थागत विकास तथा समयानुकुल लेखा अध्याबधिक आधुनिक रुपमा गराउन सहयोग गर्ने उद्देश्यका साथ १२ वटा कृषि, दुग्ध तथा बहुउद्देश्यीय सहकारी संस्थाकहरु लागि सफ्टवेयर खरिद सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा नै उत्पादन गरि वा आधिकारीकरुपमा जडान तथा सेवा प्रवाह गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूची अनुसार सफ्टवेयरको गुणस्तर, उपयोगिता सम्बन्धी विस्तृत विवरण, बिक्रि तथा स्थापना पछिको सेवा तथा सुविधाहरु खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रमा रहेका सहकारी संस्थाहरुको कम्प्युटरमा जडान गर्ने र जडान पछिको सेवाको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

४. कम्पनी/फर्म/अधिकृत सेवाप्रदायकले बोलपत्र आह्वान २०७८/१२/१० गते तदनुसार 24th March, 2022 बेलुका ५:०० सम्ममा बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाहिहुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत सेवाप्रदायकलाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत सेवाप्रदायकसँग वार्षिक सम्झौता गरिनेछ । सम्झौता गर्नु अगावै खरिद गरिने कुल परिमाणको कुल रकमको ५ प्रतिशत बैंक ग्यारेन्टी परियोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुन ुपर्नेछ ।

**१०. पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

**११ क. आवश्यक सफ्टवेयरको परिमाण**

| **क.स.** | **विवरण** | **इकाई** | **आवश्यक परिमाण** | **कैफियत** |
|---|---|---|---|---|
| क. | **सहकारी सफ्टवेयर**<br>**Cooperative Software**<br>Agriculture, Milk Collection, Cooperative Shop, Saving & credit, cooperative Enterprises and Digital service combine cooperative software. | संख्या | १२ | यदि उल्लेखित बाहेक अरु थप सेवा सुबिधा उपलब्ध हुने भएमा, कृपया विशिष्टता र वारेन्टी प्रदान गर्नुहोस् |

नोट : माथि उल्लेखित सफ्टवेयरको प्रभावकारिता, क्षेत्र, क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **“सहकारी सफ्टवेयर”** लेखी २०७८/१२/१० गते तदनुसार 24th March, 2022 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ।

सहकारी सफ्टवेयरको विवरणसूची- १ (दरभाउ पत्र)

| क्र.स. | विवरण | आवश्यक परिमाण | ईकाई | विशिष्टता, ब्रान्ड, मोडेल, अपरेटिङ्ग प्रणाली | इकाई दर भ्याट सहित | इकाई दर अक्षरमा ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | **<u>सहकारी सफ्टवेयर Cooperative Software</u>**<br>Agriculture, Milk Collection, Cooperative Shop, Saving & credit, cooperative Enterprises and Digital service combine cooperative software. | १२ वटा | | | | | |

नाम : हस्ताक्षर : छाप : मिति :